# NEB - GRADE XII
## 2081 (2024)
## Population Studies
**(New Course)**

(रजिस्ट्रेसन नम्बरका सुरुका दुई अङ्क ७८, ७९ र ८० भएका नियमित तथा ग्रेडवृद्धि परीक्षार्थीहरूका लागि मात्र)

*विद्यार्थीहरुले सकेसम्म आफ्नै शब्दमा उत्तर दिनुपर्नेछ । दायाँ किनारामा दिइएको अङ्कले पूर्णाङ्क जनाउँदछ ।*

*Candidates are required to give their answers in their own words as far as practicable. The figures in the margin indicate full marks.*

**Time: 3 hrs.** **Full Marks: 75**

**सबै प्रश्नको उत्तर दिनुहोस् (Attempt all question)**

**समूह 'क' (Group 'A')**

**(अति संक्षिप्त उत्तरात्मक प्रश्नहरू/ Very short answer questions) [११×१=११]**

१. कोरा जन्मदरको सूत्र लेख्नुहोस् । (Write the formula of crude birth rate.)

२. सन् २०२० को विश्व जनसङ्ख्या तथ्याङ्क तालिकाअनुसार सबभन्दा उच्च शहरी जनसङ्ख्या भएको सार्क राष्ट्र कुन हो ?
Which SAARC country has the highest urban population according to world population data sheet, 2020 ?

३. 'जनसाङ्ख्यिक सङ्क्रमण' शब्दको प्रथम प्रयोगकर्ता को हुन् ?
Who is the first user of word "Demographic transition" ?

४. मृत्युदरको कुनै दुईवटा मापकहरू लेख्नुहोस् । (Write any two measures of death rate.)

५. रुग्णता गणना गर्ने कुनै एक सुत्र लेख्नुहोस् । (Write any one formula to calculate morbidity.)

६. गर्भपतनको परिभाषा लेख्नुहोस् । (Write down the definition of abortion.)

७. प्रजनन अधिकारलाई प्रवर्धन गर्ने कुनै एक उपाय सुझाउनुहोस् ।
Suggest any one measure to promote Reproductive Right.

८. दिगो विकास भनेको के हो ? (What is the sustainable development ?)

९. उच्च मान र न्यून मान प्रयोग गरेर कुन मापक गणना गरिन्छ ?
Which measure can be calculated by using highest and lowest value ?

१०. अनुसन्धान प्रतिवेदनको कुन खण्डमा संक्षिप्तरूप रहन्छ ?
In which part of research report does the abbreviation remain ?

क्रमश:(Contd...)



११. जनसङ्ख्या अध्ययनको अनुसन्धान गर्नका लागि सुरक्षित मातृत्वसँग सम्बन्धित एउटा अनुसन्धानयोग्य शीर्षक निर्माण गर्नुहोस् ।
Create any one researchable title related to safe motherhood for research in population studies.

**समूह 'ख' (Group 'B')**

**(संक्षिप्त उत्तरात्मक प्रश्नहरू/ Short answer questions) [८×५=४०]**

१२. अनुकूल जनसङ्ख्या सिद्धान्तको पाँचवटा आलोचनाहरू लेख्नुहोस् ।
Write any five criticism of the optimum population theory.

१३. विश्व जनसंख्याको आकार र वृद्धिदरको बारेमा व्याख्या गर्नुहोस् ।
Describe the population size and growth rate of the world.

१४. तपाईंको पालिकामा गत वर्ष जन्मिएका जीवित जन्मसङ्ख्या र सोही वर्षको प्रजनन्योग्य उमेरका कूल महिलाहरूको संख्या अनुमान गरी सामान्य प्रजनन्दर गणना गर्नुहोस् ।
Imagine, the number of live births and the total number of women of reproductive age in your municipality at last year, then calculate general fertility rate.

१५. कुनै सहरमा वि.स. २०७९ सालमा १७० जना मानिसको मृत्यु भएको थियो र सोही वर्ष उक्त सहर को मध्य वर्षीय कुल जनसंख्या २४,३०० थियो भने उक्त सहरको कोरा मृत्युदर गणना गर्नुहोस् ।
There was 170 deaths in any city in 2079 B.S. and total mid year population of that city was 24,300. Then calculate crude death rate of that city.

१६. विकासमा सामाजिक समावेशीकरणलाई परिभाषित गर्नुहोस् र सामाजिक समावेशीकरण गर्ने तरिकाहरू व्याख्या गर्नुहोस् ।
Define social inclusion in development and explain the ways of social inclusion.

अथवा (Or)

विकासको आधारभूत सूचकहरूमध्ये आधारभूत आवश्यकता सूचकाङ्क बारेमा व्याख्या गर्नुहोस् ।
Describe the basic needs index among the basic indicator of development.

१७. "दिगो विकासका लागि सक्रिय जनशक्तिको भूमिका महत्त्वपूर्ण छ" यो कथनलाई कुनै पाँच बुँदामा बयान गर्नुहोस् ।
"The role of active human resource is important for sustainable development". Explain this statement in any five points.

१८. तल दिइएको तथ्याङ्कबाट मध्यिका गणना गुर्नहोस् ।
Calculate the median from the following data.

| Marks Obtained | 20-30 | 30-40 | 40-50 | 50-60 | 60-70 | 70-80 | 80-90 |
|---|---|---|---|---|---|---|---|
| No. of Students | 2 | 10 | 20 | 27 | 16 | 9 | 11 |

क्रमश:(Contd...)

१९. प्रतिवेदन लेखनका तीन खण्डहरू मध्ये मुख्य खण्ड एक हो । यस खण्डको खाकालाई तपाईँ कसरी सङ्गठित गर्नुहुन्छ ? क्रमबद्ध रुपमा संङ्गठित गर्नुहोस् ।

Among the three parts of research report writing body part is one. How do you organize the format of this part ? Organize with sequence.

## समूह 'ग' (Group 'C')

**(विस्तृत उत्तरात्मक प्रश्नहरू/ Long answer questions) [३×८=२४]**

२०. अन्तर्राष्ट्रिय बसाइँसराईलाई परिभाषित गर्दे यसका मापकहरूलाई उदाहरणसहित व्याख्या गर्नुहोस् ।

Define international migration and describe it's measures with examples .

२१. यौनिक अल्पसङ्ख्यकको धारणा प्रस्ट पार्दै नेपालमा रहेका यौनिक अल्पसङ्ख्यक (LGBTIQA) हरूको अवस्था र उनीहरूको जीवनशैलीको मूल्याङ्कन गुर्नुहोस् ।

Clarify the concept of sexual minority and assess the situation and lifestyles of LGBTIQA in Nepal.

२२. आजभोलि हाम्रो समाजमा किशोरकिशोरीमैत्री प्रजनन स्वास्थ्य सेवाको आवश्यकता र प्रयोग बढी रहेको पाइन्छ । यस्तो अवस्थामा किशोरकिशोरीमैत्री प्रजनन स्वास्थ्य सेवाको प्रयासका लागि नेपाल सरकार तथा गैर सरकारी संस्थाहरूसँग मिलेर तपाईंले निर्वाह गर्न सक्ने कुनै चारवटा उपायहरूको व्याख्या गर्नुहोस् ।

Nowadays need and utility of adolescents friendly reproductive health services is increasing in our society. In this situation, Explain any four ways that you can play role for the efforts to adolescents friendly reproductive health (RH) services collaborating with Nepal Government and NGOs.

अथवा (Or)

उच्चस्तरीय प्रजनन स्वास्थ्यका लागि सुरक्षित यौन व्यवहार निकै महत्त्वपूर्ण मानिन्छ । यस सन्दर्भमा हाम्रो समाजमा तपाईंले अपनाउन सक्ने सुरक्षित यौन व्यवहारका कुनै चारवटा उपायहरू बयान गर्नुहोस् ।

Safe sexual behaviour is considered as vital for the higher standard of reproductive health. With reference to this context, explain any four ways of safe sexual behaviour that you can adopt in your society.

-0-